apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्षः १२ ● अंकः २३३ ● पृष्ठः ४ ● २३ भदौ २०८३ मंगलबार (08 September 2026, Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## बाढीमा परी निधन भएकाको सम्झनामा दीप प्रज्वलन



**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २२ गते**

राष्ट्रिय शोक दिवसका अवसरमा सदरमुकाम सिरहामा मैनबत्ती प्रज्वलन गरी भोटेकोशी नदीमा आएको बाढीका कारण ज्यान गुमाएका व्यक्तिप्रति श्रद्धाञ्जली अर्पण गरिएको छ ।

सिरहाको महावीर चोकस्थित भेला भएका स्थानीय तथा सहभागीहरूले एक मिनेट मौनधारण गर्दै मैनबत्ती बालेर बाढीमा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली व्यक्त गरेका हुन् ।

कार्यक्रममा सहभागीहरूले विपद्मा परी ज्यान गुमाउनेहरूप्रति सम्मान प्रकट गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गरेका थिए । साथै विपद्मा परेकाहरूको उद्धार, राहत तथा पुनःस्थापनाका लागि राज्यका सबै संयन्त्र थप प्रभावकारी रूपमा परिचालन हुनुपर्नेमा जोड दिएका थिए ।

## वर्षान्तको बजेट खर्च रोक्ने मधेशको नयाँ परीक्षण

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २२ गते**

मधेश प्रदेशमा विकास बजेट खर्च गर्ने पुरानो शैली परिवर्तन गर्ने प्रयास सुरु भएको छ । आर्थिक वर्षको अधिकांश समय विकास निर्माणका योजना अलपत्र राख्ने र असारमा आएर बजेट सक्नकै लागि धमाधम काम गर्ने प्रवृत्ति अन्त्य गर्ने उद्देश्यले प्रदेश सरकारले यस वर्ष आर्थिक वर्षको सुरुदेखि नै बजेट कार्यान्वयनमा लैजाने नीति लिएको छ ।

प्रदेशको अर्थ मन्त्रालयले सबै मन्त्रालयलाई बजेट कार्यान्वयनका लागि अख्तियारी उपलब्ध गराएपछि अब विकास आयोजनाको प्रक्रिया भदौबाटै अघि बढाउन बाटो खुलेको छ । मन्त्रालयहरूले योजना तयारी, लागत अनुमान, बोलपत्र आह्वान र ठेक्का प्रक्रिया सुरुदेखि नै अघि बढाउन सक्नेछन् । प्रदेश अर्थ मन्त्रालयको वेबसाइटमा चालु आर्थिक वर्षको बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन, विनियोजन ऐन, रातो किताब र वार्षिक विकास कार्यक्रमसमेत सार्वजनिक गरिएको छ ।



मधेश प्रदेशमा मात्र होइन, देशका धेरै सरकारी निकायमा आर्थिक वर्षको अन्त्यतिर विकास खर्च बढ्ने प्रवृत्ति पुरानै समस्या हो । वर्षको सुरुवातमा बजेट विनियोजन भए पनि योजना कार्यान्वयनका लागि आवश्यक प्रशासनिक तथा प्राविधिक प्रक्रिया ढिला हुने गर्छ । त्यसपछि आर्थिक वर्ष सकिन लाग्दा बजेट खर्च गर्ने दबाब बढ्छ ।

यही दबाबले जेठ र असारमा सडक, नाला, भवन, कल्भर्ट लगायतका काम एकैपटक अघि बढ्ने गरेका छन् । काम सम्पन्न गर्ने समय छोटिँदै जाँदा अनुगमन कमजोर हुने र निर्माणको

बाँकी पृष्ठ ३ ▸▸

## सशस्त्र प्रहरीद्वारा सिरहाका विभिन्न सीमा क्षेत्रबाट १५ लाख ५६ हजार रुपैयाँ बराबरको अवैध सामान बरामद



**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २२ गते**

सिरहाका विभिन्न सीमा क्षेत्रबाट सशस्त्र प्रहरीले भारततर्फ अवैध रूपमा लैजाँदै गरेको तथा भारतबाट नेपालतर्फ ल्याउँदै गरेको करिब १५ लाख ५६ हजार ५७५ रुपैयाँ बराबरको सामान बरामद गरी भन्सार दाखिला गरेको छ ।

सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गण हे.क्वा. सिरहाका अनुसार जिल्लाका विभिन्न सीमा इलाकामा खटिएको टोलीले अवैध रूपमा ओसारपसार भइरहेको अवस्थामा विभिन्न प्रकारका सामान नियन्त्रणमा लिएको हो ।

बरामद सामानमा लत्ताकपडा, मोटरसाइकल, किराना सामग्री, सुर्तीजन्य पदार्थ, बीउबिजन, कस्मेटिक सामग्री, पेय पदार्थ, मदिरा, इन्धन, सीसी क्यामेरा, मनिटर, हार्डड्राइभ, कीटनाशक विषादी तथा पानी तान्ने मोटरलगायत छन् ।

सशस्त्र प्रहरीले नियन्त्रणमा

बाँकी पृष्ठ ४ ▸▸

## सिरहामा लागुऔषधजस्तो पदार्थसहित दुई जना पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २२ गते**

सिरहा प्रहरीले ब्राउन सुगरजस्तो देखिने पदार्थसहित दुई जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सिरहा नगरपालिका-२ स्थित छेटकी टोलमा सोमबार दिउँसो गरिएको 'स्वीप अपरेसन'अन्तर्गत खटिएको प्रहरी टोलीले चेकजाँचका क्रममा उनीहरूलाई पक्राउ गरेको हो ।

प्रहरीले प्रदेश ३-०२-०१३ प ६४१२ नम्बरको मोटरसाइकल रोकी जाँच गर्ने क्रममा मोटरसाइकलको पछाडि सवार कल्याणपुर नगरपालिका-७ का २४ वर्षीय कमलेशकुमार साफीसँग ब्राउन सुगरजस्तो देखिने पदार्थ फेला परेको जनाएको छ ।

प्रहरीका अनुसार प्लास्टिकसहित उक्त पदार्थको तौल १६ ग्राम १४० मिलिग्राम र प्लास्टिक हटाउँदा ११ ग्राम ८४० मिलिग्राम रहेको छ ।



घटनामा कमलेशकुमार साफी र सोही ठाउँ बस्ने मोटरसाइकल चालक ३२ वर्षीय सन्तोष यादवलाई मोटरसाइकलसहित नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय सिरहामा ल्याइएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी रमेशबहादुर पालले जनाएका छन् ।

पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

## उपेन्द्र यादव भन्छन्
### रास्वपा सरकारमा आएपछि सुशासन झन् हरायो

**अपन दैनिक संवाददाता**
**रुपन्देही, भदौ २२ गते**

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले रास्वपा सरकारमा आएपछि सुशासन हराएको आरोप लगाएका छन् ।

भैरहवामा सोमबार जसपा नेपालको कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले रास्वपा सरकारमा आएयता भ्रष्टाचार र कमिशनतन्त्रको शैली मात्र फेरिएको टिप्पणी गरेका छन् ।

'निर्वाचनमा विकास र सुशासन नयाँ नारा होइन् । तर, नयाँ शैलीमा नारा बनाइयो । रास्वपाले बहुमत पायो,' अध्यक्ष यादवले भने, 'तर, बहुमत पाइसकेपछि विकास र सुशासन हरायो ।'



जनताले अहिले पनि सुशासन नपाएको उनले टिप्पणी गरे । 'अहिले पनि कुशासनै कायम छ । आज देश आर्थिक संकटमा परेको छ', उनले भने ।

बाँकी पृष्ठ ४ ▸▸

## रसुवा बाढीमा मानवीय क्षति १ हजार ३५६, ५ हजार ९९४ अझै सम्पर्कविहीन

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २२ गते**

रसुवा लगायतका क्षेत्रमा आएको बाढी तथा पहिरोमा परी हालसम्म १ हजार ३५६ जनाको मानवीय क्षति भएको छ भने ४ हजार ९९४ जना अझै सम्पर्कविहीन रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार भदौ २२ गते साँझ ६ बजेसम्म सम्पर्कविहीनमध्ये रसुवा जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणअनुसार करिब १ हजार ९६७ जना र नुवाकोटबाट करिब २ हजार ३४० जना नेपाली नागरिक रहेका छन् । त्यस्तै सुरक्षाकर्मी तथा कर्मचारी करिब १०० जना र विदेशी पर्यटक करिब ५८७ जना सम्पर्कविहीन रहेको विवरणमा उल्लेख



छ ।

बाढी तथा पहिरोमा परी घाइते भएका ६ हजार ६७६ जनाको उपचार गरिएको छ । विभिन्न १० वटा अस्पतालमा ३२७ जनाको उपचार गरिएकोमा २४२ जना डिस्चार्ज भइसकेका छन् । नेपाली सेनाबाट ३ हजार ३७९ जना तथा सशस्त्र प्रहरी बलबाट २ हजार ९७०

बाँकी पृष्ठ ३ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सम्पादकीय...

## पत्रकारिताको मर्यादा जोगाउन आचारसंहिता अनिवार्य

पत्रकारिता समाजको ऐना हो । राज्यका निकाय, राजनीतिक नेतृत्व र सार्वजनिक जीवनमा हुने गतिविधिलाई नागरिकसमक्ष तथ्य र सत्यका आधारमा पुऱ्याउने जिम्मेवारी पत्रकारिताको हो । त्यसैले पत्रकारिता समाचार लेख्ने वा सूचना सम्प्रेषण गर्ने पेशा मात्र होइन, यो जनविश्वाससँग जोडिएको संवेदनशील जिम्मेवारी पनि हो । यही कारण पत्रकारिताको विश्वसनीयता जोगाउन आचारसंहिताको पालना अपरिहार्य र अनिवार्य हो । मधेश प्रदेशको सञ्चार क्षेत्रको अवस्था बुझ्ने क्रममा सिरहामा भएको सञ्चारकर्मीसँगको छलफलले प्रदेशको पत्रकारिताभित्र रहेका केही गम्भीर समस्यालाई सतहमा ल्याएको छ । वास्तविक पत्रकार र नामधारी पत्रकार छुट्याउन कठिन हुनु, पत्रकारिताको आवरणमा गलत गतिविधि हुनु, सञ्चारमाध्यमको प्रभावकारी नियमन हुन नसक्नु, राजनीतिक स्वार्थका लागि पत्रकार प्रयोग हुने प्रवृत्ति बढ्नु तथा पत्रकारको पेशागत र आर्थिक सुरक्षा कमजोर हुनु चिन्ताका विषय हुन् । यी समस्या सिरहामा मात्र सीमित छैनन् । मधेश प्रदेशका आठवटै जिल्लामा पत्रकारितालाई मर्यादित, जिम्मेवार र विश्वसनीय बनाउने चुनौती उत्तिकै गम्भीर छ ।

पछिल्लो समय पत्रकारितामा नयाँ-नयाँ 'स्टन्ट' गर्ने प्रवृत्ति बढिरहेको देखिन्छ । समाचारको नाममा अतिरञ्जना, अपुष्ट सूचना, व्यक्तिगत आरोप-प्रत्यारोप, सामाजिक सञ्जालमा भाइरल हुने सामग्रीको अन्धाधुन्ध प्रयोग तथा पत्रकारिताको आवरणमा व्यक्तिगत स्वार्थ पूरा गर्ने गतिविधिले समग्र पत्रकारितामाथि प्रश्न उठाउने अवस्था सिर्जना गरेको छ । पाठक, दर्शक र स्रोताले पत्रकार र गैरपत्रकारबीचको अन्तर छुट्याउन नसक्ने अवस्था आयो भने त्यसको सबैभन्दा ठूलो क्षति पत्रकारिताको विश्वसनीयतालाई हुन्छ । पत्रकारितामा नयाँ प्रविधि र माध्यमको प्रवेश आफैंमा समस्या होइन । अनलाइन सञ्चारमाध्यमको विस्तारले सूचना प्रवाहलाई छिटो, सहज र व्यापक बनाएको छ । समस्या प्रविधिको होइन, त्यसको जिम्मेवार प्रयोगको हो । समाचार छिटो दिने होडमा सत्यता, सन्तुलन, स्रोतको विश्वसनीयता र सार्वजनिक हितलाई बेवास्ता गर्न थालियो भने पत्रकारिता सूचना होइन, भ्रम उत्पादन गर्ने माध्यम बन्न सक्छ । यसकारण पत्रकार आचारसंहितालाई पत्रकारिताको बाधकका रूपमा होइन, पत्रकारिताको सुरक्षा कवचका रूपमा बुझ्न आवश्यक छ । सत्य र तथ्यमा आधारित समाचार, स्रोतको संरक्षण, निष्पक्षता, सन्तुलन, व्यक्तिको प्रतिष्ठाको सम्मान, पीडित तथा संवेदनशील वर्गप्रति जिम्मेवार व्यवहार र गलत समाचार प्रकाशित भएमा सच्याउने संस्कार पत्रकारिताका आधारभूत मूल्य हुन् । यी मूल्यबिना पत्रकारिताको व्यावसायिकता कायम रहन सक्दैन ।

आचारसंहिता पालना गराउने नाममा वास्तविक पत्रकारलाई अनावश्यक दबाब दिने वा आलोचनात्मक पत्रकारितालाई नियन्त्रण गर्ने प्रयास पनि स्वीकार्य हुन सक्दैन । नियमनको उद्देश्य पत्रकारिताको मुख बन्द गर्नु होइन, पत्रकारितालाई जिम्मेवार बनाउनु हो । त्यसैले मिडिया काउन्सिल र आमसञ्चार प्राधिकरणजस्ता नियामक निकायले नियमन गर्दा मापदण्ड, पारदर्शिता र समान व्यवहारलाई मुख्य आधार बनाउनुपर्छ । त्यसका लागि पहिलो आवश्यकता वास्तविक पत्रकारको पहिचान हो । पत्रकारितालाई पेशा बनाएर निरन्तर काम गरिरहेका र पत्रकारिताको नाममा अवसर तथा प्रभाव खोजिरहेका व्यक्तिबीच स्पष्ट भिन्नता गर्न सक्ने प्रणाली आवश्यक छ । सञ्चारमाध्यमको नियमितता, पत्रकारको सक्रियता, प्रकाशित सामग्रीको गुणस्तर र आचारसंहिता पालनाजस्ता आधारमा पत्रकारको पेशागत पहिचान स्थापित गरिनुपर्छ । त्यस्तै, पत्रकारलाई आचारसंहिता पालना गर्न आग्रह गरेर मात्र पुग्दैन । पत्रकारलाई सुरक्षित र सम्मानजनक वातावरणमा काम गर्ने अवस्था पनि राज्य तथा सम्बन्धित निकायले सिर्जना गर्नुपर्छ । सिरहाका पत्रकारले उठाएझैं व्यवस्थित कार्यस्थल, आवश्यक पूर्वाधार, पेशागत सुरक्षा, सामाजिक सुरक्षा, क्षमता विकास, फेलोसिप तथा प्रोत्साहनका कार्यक्रम आवश्यक छन् । आर्थिक रूपमा कमजोर पत्रकारिता वातावरणले पनि पत्रकारलाई गलत बाटोतर्फ धकेल्न सक्छ । त्यसैले पत्रकारिताको आर्थिक दिगोपना र व्यावसायिकताको प्रश्नलाई पनि उत्तिकै प्राथमिकतामा राखिनुपर्छ ।

पत्रकारितामाथिको राजनीतिक प्रभाव न्यूनीकरण गर्नु आजको प्रमुख आवश्यकता हो । पत्रकारलाई राजनीतिक दल वा व्यक्तिगत स्वार्थका लागि प्रयोग गर्ने प्रवृत्तिले पत्रकारिताको स्वतन्त्रता मात्र कमजोर पार्दैन, यसले लोकतन्त्रलाई समेत कमजोर बनाउँछ । पत्रकारले पनि आफ्नो पेशागत स्वाभिमान र निष्पक्षता जोगाउन राजनीतिक तथा अन्य स्वार्थ समूहबाट उचित दूरी कायम गर्न सक्नुपर्छ । मधेश प्रदेशमा सञ्चार क्षेत्रलाई व्यवस्थित र व्यावसायिक बनाउने हो भने नियामक निकायले काठमाडौंकेन्द्रित सोचबाट बाहिर निस्केर जिल्लास्तरसम्म आफ्नो उपस्थिति बलियो बनाउनुपर्छ । नियमित अनुगमन, अन्तरक्रिया, पत्रकारसँग संवाद, आचारसंहितासम्बन्धी प्रशिक्षण र उजुरीको निष्पक्ष सुनुवाइ आवश्यक छ । गल्ती गर्नेलाई कारबाही र राम्रो काम गर्नेलाई प्रोत्साहन गर्ने समानान्तर नीति आवश्यक छ । त्यसैले पत्रकारिताको विश्वसनीयता पत्रकारकै आचरणबाट निर्माण हुन्छ । प्रविधि बदलिन सक्छ, सञ्चारमाध्यमको स्वरूप बदलिन सक्छ, तर पत्रकारिताको मूल धर्म 'सत्य, तथ्य, निष्पक्षता र जनउत्तरदायित्व' बदलिनु हुँदैन । मधेशका आठवटै जिल्लामा देखिन थालेका पत्रकारिताका नाममा गरिने 'स्टन्ट'लाई पत्रकारिताको मूलधारमा ल्याउने हो भने आचारसंहिताको प्रभावकारी कार्यान्वयनमा अब कुनै सम्झौता गर्नु हुँदैन । वास्तविक पत्रकारलाई संरक्षण, गलत प्रवृत्तिलाई नियमन र पत्रकारितालाई आचारसंहिताको सीमाभित्र राख्ने दृढता नै मधेशको सञ्चार क्षेत्रलाई विश्वसनीय र मर्यादित बनाउन सक्छ ।

# सञ्जालमा सरकार, ओझेलमा आफ्नै मिडिया




✍ **किरण पौडेल**

सरकारी सूचना र निर्णयहरूको आधिकारिक सम्प्रेषणका लागि आफ्नै राष्ट्रिय सञ्चारमाध्यम हुँदाहुँदै सरकार र सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सामाजिक सञ्जाल र निजी मिडियातर्फ निर्भर हुन थालेपछि राज्यको सूचना प्रणालीको स्वरूप र औचित्यमाथि बहस आरम्भ भएको छ ।

प्रधानमन्त्री बालेन (वालेन्द्र) शाहदेखि मन्त्रीहरू र रास्वपाका बहालवाला सांसदसम्मले अपनाएको प्रचारशैलीलाई लिएर सञ्चार क्षेत्र र नागरिक वृत्तमा प्रश्न उठ्न थालेको हो ।

प्रधानमन्त्री शाहले राष्ट्रका नाममा गर्ने सम्बोधन देखि बाढीपहिरोपछि क्षति र उद्धारसम्बन्धी नियमित अपडेटसमेत सरकारी सञ्चारमाध्यमलाई छाडेर आफ्नै फेसबुक पेजबाट सार्वजनिक गर्दै आएका छन् । मन्त्रीहरू पनि सरकारी सञ्चारमाध्यमभन्दा निजी टेलिभिजनका अन्तरवार्ता र डिजिटल प्लेटफर्ममा बढी देखिन थालेका छन् । परराष्ट्रमन्त्री शिशिर खनालले केही दिनअघि सरकारी कुरा भन्न निजी क्षेत्रको टेलिभिजनमा पुगेका थिए ।

सत्तारूढ रास्वपाले आफ्नै डिजिटल पोर्टलमार्फत सांसदलाई समाचारवाचकका रूपमा प्रस्तुत गर्न थालेपछि सरकारी सूचना, पार्टी प्रचार र समाचारबीचको सीमारेखामाथि थप प्रश्न उठेको छ ।

**सामाजिक सञ्जाल प्रयोग गर्नै नहुने हो ?**

प्रधानमन्त्री शाह परम्परागत सञ्चारमाध्यमसँग अन्तरवार्ता वा दोहोरो संवाद गर्नुभन्दा आफ्नै सामाजिक सञ्जालमार्फत धारणा सार्वजनिक गर्न बढी रुचाउँछन् । पछिल्लो बाढीपछि उनले नियमित रूपमा क्षति, उद्धार र राहतसम्बन्धी अपडेट सामाजिक सञ्जालबाट दिँदै आएका छन् । सञ्चारमाध्यम प्रधानमन्त्रीको सामाजिक सञ्जालमा आउने पोस्टलाई पछ्याएर त्यसैलाई समाचारको आधार बनाउने अवस्थामा पुगेका छन् ।

यसले सामाजिक सञ्जाललाई सरकारको तत्कालीन सूचना माध्यम मात्र नभई एक किसिमको अनौपचारिक सरकारी सूचना केन्द्रकै रूपमा स्थापित गर्न थालेको देखिन्छ । प्रधानमन्त्रीले सामाजिक सञ्जालमा लेखेको विषय सञ्चारमाध्यममा समाचार बन्छ । त्यसपछि त्यही समाचार सार्वजनिक बहसको विषय बन्छ ।

सामाजिक सञ्जालले सरकार र जनताबीच तत्काल सम्पर्क स्थापित गर्न सहज बनाएकोमा दुईमत छैन । तर सरकारी सूचना, राजनीतिक प्रचार र समाचारबीचको सीमारेखा मेटिँदै जाँदा यसको संस्थागत असरबारे भने गम्भीर बहस आवश्यक छ ।

वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारी तत्काल सूचना सम्प्रेषणका लागि प्रधानमन्त्री वा मन्त्रीले सामाजिक सञ्जाल प्रयोग गर्न सक्ने भए पनि त्यसलाई राज्यको आधिकारिक सूचना प्रणालीको विकल्प बनाउन नहुने बताउँछन् ।

'प्रधानमन्त्रीले कुनै सूचना सामाजिक सञ्जालबाट पोस्ट गर्नु हुँदैन भन्ने छैन । अमेरिका, चीन, रुसका राष्ट्रपतिले पनि यस्तो अभ्यास गरेका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि सामाजिक सञ्जालबाट सूचना सार्वजनिक गर्छन्,' अधिकारी भन्छन्, 'तर त्यो तत्कालको सूचना सम्प्रेषणका लागि हो । संस्थागत अभिलेखका लागि आधिकारिक माध्यमबाट आउनुपर्छ ।'

नेपालमा नेपाल टेलिभिजन, राष्ट्रिय समाचार समिति (रासस), गोरखापत्र र रेडियो नेपालजस्ता सरकारी सञ्चारमाध्यम राज्यका आधिकारिक सूचना सम्प्रेषण गर्ने संस्थाका रूपमा छन् । ती माध्यमबाट सार्वजनिक सामग्री अभिलेखमा रहन्छ र पछि अन्य सञ्चारमाध्यम तथा अनुसन्धानकर्ताले समेत स्रोतका रूपमा प्रयोग गर्न सक्छन् ।

'सरकारी सूचना आधिकारिक सञ्चारमाध्यमबाट आउँदा त्यसको संस्थागत स्मरण रहन्छ । पछि कतै उद्धृत गर्नुपरे पनि त्यही स्रोत लिन सकिन्छ,' उनी भन्छन्, 'सामाजिक सञ्जाल प्रविधिले दिएको एउटा हाँगो हो । तत्काल सञ्चारका लागि उपयोगी भए पनि संस्थागत अभिलेखको विकल्प होइन ।'

यी संस्था सरकारी ऐन, नियम र बजेटबाट सञ्चालित छन् । तिनलाई विश्वसनीय बनाउने दायित्व पनि सरकारकै हो । अधिकारी भन्छन्, 'सरकारको आधिकारिक कुरा यिनै माध्यमबाट आउँछ भन्ने विश्वास कायम राख्न र तिनको लोकप्रियता बचाउन पनि सरकारले सरकारी सञ्चारमाध्यमको उपयोग गर्नुपर्छ ।'

निजी क्षेत्रको उद्देश्य पैसा कमाउनु हुन्छ । उनीहरू सूचना बंग्याउन पनि सक्छन् । त्यही अन्तरवार्ता रेडियो नेपाल वा टेलिभिजनका लागि बोलेको हो भने प्रश्नहरू सरकारले आफ्नो अनुकूल हुने गरी मिलाउन पनि सक्छ । निजी क्षेत्रमा त त्यस्तो सुविधा हुँदैन ।

उनका अनुसार सरकारले आफ्नै सञ्चारमाध्यमलाई कमजोर बनाउँदै निजी सञ्चारमाध्यम र सामाजिक सञ्जालमा निर्भर हुनुको सट्टा सरकारी सञ्चारमाध्यमको विश्वसनीयता र पहुँच बढाउनुपर्ने हो ।

सरकारी सूचना सामाजिक सञ्जालतर्फ सर्दै गएको बहसकै बीच सत्तारूढ रास्वपाको डिजिटल पोर्टलमा देखिएको अर्को अभ्यासले राजनीतिक प्रचार र समाचारको सीमामाथि प्रश्न उठाएको छ ।

रास्वपाको आधिकारिक पोर्टलबाट प्रतिनिधिसभा सदस्यद्वय रीमा विश्वकर्मा र अनुष्का श्रेष्ठले टेलिभिजन समाचारको शैलीमा बाढीपहिरो तथा विपत्तिसम्बन्धी सामग्री वाचन गर्दै आएका छन् ।

विश्वकर्मा लामो समय सञ्चार क्षेत्रमा रहेकी भए पनि अहिले उनी निर्वाचित प्रतिनिधिसभा सदस्य हुन् । त्यसैले सांसदकै भूमिकामा रहेर पार्टीको पोर्टलमा समाचारवाचकका रूपमा प्रस्तुत हुनु उनको पदको मर्यादा र भूमिकासँग कति मेल खान्छ भन्ने प्रश्न उठेको छ ।

पत्रकार अशोक पौडेल निर्वाचित सांसदलाई समाचारवाचक बनाउनु उचित नभएको बताउँछन् । 'पार्टीको प्रचार विभागमार्फत जनप्रतिनिधिबाहेक अरूले यस्तो काम गरेको भए विरोध गर्नुपर्ने थिएन । तर जनताको मतले निर्वाचित सांसदलाई समाचार पढ्न लगाउनु गलत हो,' उनी भन्छन् ।

रास्वपा पछिल्लो समय राजनीतिक गतिविधिसँगै प्रचारमुखी रणनीतिमा केन्द्रित भएको देखिन्छ । आफ्नै वेबसाइटमा भिडियो सन्देश राख्ने देखि समाचार बुलेटिन उत्पादन गर्नेसम्मका गतिविधि त्यसकै उदाहरण हुन् ।

पुराना राजनीतिक दलले पनि आफ्ना विचार र गतिविधि सार्वजनिक गर्न मुखपत्र निकाल्ने गरेका थिए । तर निर्वाचित सांसदलाई नै समाचारवाचकका रूपमा प्रस्तुत गर्नु भने नयाँ अभ्यास हो ।

रास्वपाले भने आफ्नो डिजिटल पोर्टलमा प्रस्तुत सामग्रीलाई समाचार बुलेटिन मान्न अस्वीकार गरेको छ । रास्वपा प्रवक्ता जगदीश खरेल विपद्को समयमा आफ्ना शुभेच्छुक तथा सर्वसाधारणलाई सही सूचना उपलब्ध गराउने उद्देश्यले यस्तो अभ्यास गरिएको बताउँछन् ।

'यो समाचार बुलेटिन होइन । हामीले जानकारी सेयरिङ मात्र गर्न खोजेको हो,' खरेल भन्छन्, 'माननीय सांसदहरूले आफ्नै ठाउँबाट विपत्तिमा सहयोग पुऱ्याउनुभएको हो ।'

उनका अनुसार प्रतिनिधिसभा र संसदीय समितिका बैठक सञ्चालनमा नरहेको अवस्थामा सांसदहरूले आफ्नो क्षमताअनुसार सामाजिक काम तथा सूचना प्रवाहमा सहयोग गरेका हुन् ।

'अहिले सदन पनि छैन । सदनका समितिको बैठक पनि छैन । यही कारण इन्फरमेसनका लागि यो काम गरिएको हो,' खरेल भन्छन्, 'सक्नेले बाढी प्रभावित क्षेत्रमा गएर उद्धार र राहतको काम गरेका छन् । नसक्ने वा नभ्याउनेले आफ्नै स्थानबाट सहयोग गरेका हुन् ।' विपद्का बेला विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा भिन्नभिन्न सूचना आउने भएकाले आफ्ना शुभेच्छुकलाई सही सूचना उपलब्ध गराउन पार्टीले यस्तो माध्यम प्रयोग गरेको उनको दाबी छ ।

सामाजिक सञ्जालमा सरकार र सत्तारूढ दलको सक्रियता बढ्दै जाँदा सरकारी सञ्चारमाध्यम भने क्रमशः ओझेलमा पर्दै गएको देखिन्छ ।

नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्र र राससलाई विगतका सरकारले सरकारी कामकारबाही सार्वजनिक गर्ने प्रमुख माध्यमका रूपमा प्रयोग गर्दै आएका थिए । 'जनतासँग प्रधानमन्त्री', 'सीधा कुरा प्रधानमन्त्रीसँग'जस्ता कार्यक्रममार्फत सरकारी सञ्चारमाध्यमले प्रधानमन्त्री र जनताबीच प्रत्यक्ष संवादसमेत गराउने गरेका थिए ।

पछिल्लो समय यस्ता अभ्यास कमजोर भएका छन् । मन्त्री तथा उच्चपदस्थ सरकारी अधिकारी आफ्ना गतिविधि सार्वजनिक गर्न सरकारी सञ्चारमाध्यमभन्दा निजी टेलिभिजन र डिजिटल प्लेटफर्ममा बढी देखिन थालेका छन् । सरकारी सञ्चारमाध्यमको पहुँच र विश्वसनीयता बढाउनुपर्ने समयमा राज्यकै सञ्चार संयन्त्रलाई उपेक्षा गरेर निजी मिडिया र व्यक्तिगत सामाजिक सञ्जालमा निर्भर हुने प्रवृत्तिले सरकारी सञ्चार संस्थाको भविष्य र भूमिकामाथि समेत प्रश्न उठाएको छ ।

बाँकी पृष्ठ ३ ▶▶

# आजको राशिफल

**मेष :** आजको दिन तपाईंका लागि विशेष उपलब्धि रहनेछ । रोकिएका कार्यहरूले तीव्रता पाउनेछन् भने आर्थिक पक्ष सुदृढ बन्नेछ ।

**बृष :** तपाईंको बोलीको प्रभावले महत्त्वपूर्ण कामहरू बन्नेछन् । पारिवारिक सुख र शान्तिको वातावरण कायम रहनेछ ।

**मिथुन :** आत्मविश्वास र पराक्रममा अभूतपूर्व बृद्धि हुनेछ । नयाँ कार्यको थालनी गर्नका लागि आजको समय अति उत्तम रहेको छ ।

**कर्कट :** अनावश्यक खर्च नियन्त्रण गर्नुपर्ने चुनौती रहन सक्छ । वैदेशिक क्षेत्र वा टाढाको यात्रामा केही कठिनाइ आउन सक्छ ।

**सिंह :** आयस्रोतका नयाँ बाटोहरू खुल्नेछन् । आफन्त तथा मित्रहरूको भरपूर सहयोगले अधुरा कामहरू समयमै सम्पन्न हुनेछन् ।

**कन्या :** कार्यक्षेत्रमा तपाईंको जिम्मेवारी र कार्यकुशलताको उच्च कदर हुनेछ ।

**तुला :** भाग्यले पूर्ण रूपमा साथ दिने हुनाले धार्मिक तथा आध्यात्मिक कार्यमा मन जानेछ ।

**वृश्चिक :** स्वास्थ्यमा केही सामान्य उतारचढाव देखा पर्न सक्नेछ । गोप्य शत्रुहरूबाट सतर्क रहनु बुद्धिमानी हुनेछ ।

**धनु :** साझेदारी व्यवसायमा ठूलो सफलता मिल्नेछ । मनोरञ्जनात्मक कार्यमा समय बित्नेछ ।

**मकर :** तर्कशक्ति र पराक्रमद्वारा विरोधीहरू परास्त हुनेछन् । पुराना रोग तथा स्वास्थ्य समस्याबाट मुक्ति मिल्नेछ ।

**कुम्भ :** बौद्धिक कार्य तथा सिर्जनात्मक क्षेत्रमा विशेष सफलता हासिल हुनेछ ।

**मीन :** घरपरिवारमा सुखशान्तिको वातावरण छाउनेछ । जग्गाजमिन वा भौतिक सम्पत्तिको कारोबारबाट राम्रो लाभ लिन सकिनेछ ।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# दलित बालबालिकाको शिक्षा र अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ २२ गते**



दलित बालबालिकाको शिक्षा, अधिकार तथा सामाजिक सुरक्षाका सवालमा राज्यका निकाय र समुदायबिच प्रभावकारी समन्वय आवश्यक रहेको सरोकारवालाहरुले बताएका छन्।

दलित महिला सङ्घ धनुषाले सोमबार जनकपुरधाममा आयोजना गरेको 'दलित बालबालिकाका सबाल र सरोकारवाला निकायको भूमिका' विषयक कार्यक्रममा सहभागी वक्ताले दलित बालबालिकालाई विद्यालयमा नियमित गराउन, विभेद अन्त्य गर्न तथा समान अवसर उपलब्ध गराउन स्थानीय तहदेखि राज्यका सबै निकाय जिम्मेवार हुनुपर्नेमा जोड दिएका हुन्।

जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले कुनै पनि विद्यार्थी विद्यालयबाहिर रहन नहुने बताए। उनले उपमहानगरपालिकाका तीन वडामा अनौपचारिक शिक्षा सञ्चालन भइरहेको जानकारी दिँदै विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयसम्म ल्याउन स्थानीय तहले पहल गरिरहेको बताए।

नगरप्रमुख साहका अनुसार जनकपुरधाममा अझै करिब ६०० बालबालिका विद्यालयबाहिर रहेको तथ्याङ्क रहेकाले उनीहरूलाई विद्यालयमा ल्याउन विशेष पहल भइरहेको छ। दलित महिला सङ्घ धनुषाका अध्यक्ष सरस्वती मण्डलले सामाजिक सञ्जालको दुरुपयोग बढ्दै गएकाले बालबालिकालाई सकारात्मक प्रयोगबारे सचेत गराउनुपर्ने बताए। उनले बालबालिकालाई पढाइतर्फ आकर्षित गर्न परिवार, विद्यालय र समुदायले विशेष ध्यान दिनुपर्नेमा जोड दिइन्।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष रिंकुकुमारी साहले दलित बालबालिकालाई पहिचानका आधारमा नभई समान नागरिकका रूपमा हेर्ने सोचको विकास आवश्यक रहेको बताइन्। आसमान नेपालका सुजिता ठाकुरले दलित समुदायका

बाँकी पृष्ठ ४

## रसुवा बाढीमा मानवीय क्षति १ हजार ३५६ ..............

जनाको उपचार गरिएको प्राधिकरणले जनाएको छ। हालसम्म १३ हजार ३९६ जनाको उद्धार गरिएको छ। उद्धार तथा राहत कार्यमा सुरक्षा निकायका २१ हजार ४०२ जना परिचालन भएका छन्। जसमा नेपाल प्रहरी ७ हजार ९१२, नेपाली सेना ९ हजार २८७ र सशस्त्र प्रहरी बल नेपालका ४ हजार २०३ जना छन्।

विपद्पछि खोज तथा उद्धारका लागि हेलिकप्टरमार्फत समेत निरन्तर काम भइरहेको छ। हालसम्म नेपाली सेनाले १ हजार १५७ पटक, निजी क्षेत्रबाट काठमाडौंबाट १२९ पटक तथा सशस्त्र प्रहरी बल नेपालले प्रभावित क्षेत्रमा १९३ पटक हवाई उडान गरेको प्राधिकरणले जनाएको छ।

बाढीबाट प्रभावित क्षेत्रमा विद्युत् आपूर्तिमा समेत असर परेको छ। रसुवामा ७८ प्रतिशत, नुवाकोटमा ९६.७ प्रतिशत र धादिङमा ९९.८ प्रतिशत घरधुरीमा विद्युत् सेवा सुचारु भएको प्राधिकरणको विवरणमा उल्लेख छ।

सरकारले प्रभावित जिल्लामा नगद राहतसमेत उपलब्ध गराउन थालेको छ। रसुवा र नुवाकोटमा एक-एक करोड तथा धादिङमा ५० लाख रुपैयाँ नगद राहत उपलब्ध गराइएको छ। त्यस्तै प्रभावित १५ पालिकाका लागि १३ करोड ५० लाख रुपैयाँ उपलब्ध गराइएको प्राधिकरणले जनाएको छ।

प्रभावित क्षेत्रमा राहत सामग्री तथा इन्धन आपूर्तिसमेत जारी रहेको छ। भदौ २२ गते प्रभावित जिल्लामा दुई हेलिकप्टरमार्फत खाद्यान्न तथा बन्दोबस्तीका सामग्री र आठ वटा मिनी ट्रकमार्फत खाद्यान्न तथा गैरखाद्य सामग्री ढुवानी गरिएको प्राधिकरणको अपडेटमा उल्लेख छ।

खोज, उद्धार तथा राहत कार्यसँगै सम्पर्कविहीनको खोजी र क्षतिको थप विवरण संकलन गर्ने काम जारी रहेको प्राधिकरणले जनाएको छ।




# बस्ती नै डुबाउँदा सप्तरीका गोबरगाढावासीलाई अग्लो स्थानमा सार्दै

**अपन दैनिक संवाददाता**
**राजविराज, भदौ २२ गते**



सप्तकोशी नदीको बाढीले बस्ती डुबान हुँदा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाको गोबरगाढाका स्थानीयलाई अग्लो स्थानमा सार्न थालिएको छ। पशुपालन गरेर दैनिकी चलाउँदै आएका कारण तत्काले बस्ती छाड्न नमानेपछि उनीहरूलाई बस्तीदेखि डेढ किलोमिटर पश्चिमतर्फ अग्लो स्थानमा सार्न थालिएको हो।

आइतबार १० वटा 'वाटर प्रुफ टेन्ट हाउस' पठाइककंदा ८ वटा 'हाउस' लगाएर प्रभावित परिवारलाई सारिएको नगर प्रमुख वीरेन्द्र माझीले जानकारी दिए। 'हामीले प्रयास गर्दा पनि त्यहाँका अधिकांश परिवार पशुपालन गरिरहेका कारण बाहिर निस्किन मानेनन्,' उनले भने, 'बाध्य भएर त्यहीँ व्यवस्थापन गर्नुपर्‍यो।'

उनका अनुसार २५ वटा वाटर प्रुफ टेन्ट हाउस खरिद गरिएको छ। 'आज १० वटा वाटर प्रुफ टेन्ट हाउसका सामग्री पठाएर २५/३० परिवारलाई अग्लो स्थानमा सारेका छौं,' उनले भने, 'भोलि त्रिपाल पनि पठाउककंछौं र २ वटा ट्युवेबेल पनि जडान गर्ने हाम्रो तयारी छ।'

त्यहाँको विवरण संकलन गर्दा ९५ परिवार रहेको र उनीहरूका लागि सोमबार नै १ बोरा चामल, त्रिपाल, २ लिटर तेल, दालसहितको प्याकेज पठाउने तयारी रहेको नगर प्रमुख माझीको भनाइ छ।

गत वर्ष असोजको दोस्रो साता

बाँकी पृष्ठ ४

## सञ्जालमा सरकार, ओझेलमा आफ्नै ..............

एक पूर्वसञ्चारमन्त्री सरकारको यस्तो प्रवृत्तिलाई 'अतिवाद'को अर्को रूप मान्छन्। 'केपी ओलीको अतिवाद सकिएको छ। अहिले अर्को अतिवाद जारी छ। यस्तो अवस्था केही वर्ष अझै चल्छ। हामी रमिते मात्रै बन्ने हो,' उनी भन्छन्।

सरकारका लागि सामाजिक सञ्जाल तत्काल सूचना दिने प्रभावकारी माध्यम हुन सक्छ। तर राज्यको आधिकारिक अभिलेख, संस्थागत स्मृति र सार्वजनिक सूचनाको दीर्घकालीन विश्वसनीयताका लागि सरकारी सञ्चारमाध्यमको भूमिका विस्थापित गर्न सकिँदैन। 'प्रधानमन्त्रीले सरकारको सूचना आफ्नै सञ्जालमा पोस्ट गरेर मनिटाइजेशनमार्फत पैसा कमाएका छन् भने त्यो रकम अनिवार्य राज्यको कोषमा दाखिला हुनुपर्छ।

बालेनले पोस्ट गरेको सूचना उनको व्यक्तिगत सम्पत्ति होइन', वरिष्ठ पत्रकार अधिकारीले भने।

## वर्षान्तको बजेट खर्च रोक्ने मधेशको नयाँ ..............

गुणस्तरमा सम्झौता हुने जोखिम बढ्छ।

अर्थमन्त्री युवराज भट्टराईका अनुसार विगतमा अर्थ मन्त्रालयले बजेट बनाउने तर मन्त्रालयहरूले समयमै बजेट प्राप्त नगर्ने गुनासो आउने गरेको थियो। अब भने विनियोजित बजेट कार्यान्वयनका लागि सुरुदेखि नै उपलब्ध गराउने व्यवस्था गरिएको छ। अर्थमन्त्री भट्टराई भने, "अब विगतमा जस्तो आर्थिक वर्षको अन्त्यमा हतारहतारमा विकास निर्माणको काम गर्नुपर्ने अवस्था हुँदैन।"

कुनै आयोजना कार्यान्वयनका लागि बजेटबाहेक विस्तृत अध्ययन, लागत अनुमान, प्राविधिक डिजाइन, जग्गा तथा वातावरणीय पक्ष, बोलपत्र कागजात, ठेक्का सम्झौता र निर्माण व्यवसायीको परिचालन जस्ता धेरै चरण पार गर्नुपर्छ। यीमध्ये कुनै एक चरणमा ढिलाइ भयो भने सुरुमै बजेट उपलब्ध भए पनि आयोजना असारसम्म धकेलिन सक्छ।

मधेश प्रदेशको नयाँ अभ्यासको वास्तविक परीक्षा अर्थ मन्त्रालयले बजेट खुला गरेको दिनभन्दा मन्त्रालयहरूले बोलपत्र कहिले निकाल्छन्, सम्झौता कहिले गर्छन् र निर्माणस्थलमा काम कहिले सुरु हुन्छ भन्नेमा निर्भर हुनेछ। यस पटक प्रदेश सरकारले विकास निर्माणका काम बोलपत्र प्रक्रियामार्फत अघि बढाउने नीतिले उपभोक्ता समितिमार्फत गरिने ससाना योजनाको विकल्प खोजेको देखिन्छ।

चालु आर्थिक वर्षको बजेटमा एक करोड रुपियाँभन्दा कम लागतका योजना समावेश नगर्ने नीति लिइएको छ। प्रदेश सभाबाट पारित बजेटमा यस्तो व्यवस्था गरिनुको एउटा प्रमुख कारण टुक्रे योजनाको संख्या घटाउनु र सीमित स्रोतलाई ठूला तथा परिणाममुखी आयोजनामा केन्द्रित गर्नु हो।

विगतमा साना योजनाहरू उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्दा योजना छनोटदेखि भुक्तानीसम्म अनियमितता र कमिसनको खेल हुने गरेको आरोप लाग्दै आएको थियो।

एक करोडको सीमा र बोलपत्र प्रणालीले यस्ता सम्भावना घटाउने अपेक्षा गर्न सकिन्छ तर यसलाई आफैँमा भ्रष्टाचार नियन्त्रणको पूर्ण उपाय मान्न भने सकिँदैन। प्रणालीसँगै ठेक्का व्यवस्थापन, प्राविधिक अनुगमन, सार्वजनिक सूचना र कामको गुणस्तर परीक्षण पनि बलियो हुन आवश्यक रहेको सरोकारवाला बताउँछन्।

प्रदेश सरकारले बोलपत्रलाई प्राथमिकता दिएपछि अर्को प्रश्न स्थानीय सहभागिताको हो। उपभोक्ता समितिबाट हुने काममा स्थानीय नागरिकको प्रत्यक्ष सहभागिता हुने भएकाले कतिपय अवस्थामा साना सामुदायिक संरचना निर्माणमा त्यसको उपयोगिता देखिँदै आएको छ तर यही माध्यमबाट योजना टुक्र्याउने, राजनीतिक पहुँचका आधारमा योजना बाँड्ने र कमिसनको आरोप लाग्ने अवस्था पनि देखिएको छ।

बोलपत्रमा गएर पनि ठूला निर्माण व्यवसायीले काम ओगट्ने, समयमा सम्पन्न नगर्ने र स्थानीय आवश्यकतालाई बेवास्ता गर्ने अवस्था आयो भने मात्र प्रणाली परिवर्तनले अपेक्षित परिणाम दिन सक्दैन।

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपियाँको बजेट ल्याएको छ। बजेट ठूलो भए पनि यसको सम्पूर्ण रकम प्रदेशको आफ्नै राजस्वबाट मात्र आउने होइन। सङ्घीय अनुदान तथा राजस्व प्राप्तिमा कमी आएमा प्रदेशको खर्च क्षमता प्रभावित हुन सक्छ। अर्थ मन्त्रालयले केही मन्त्रालयका केही शीर्षकको बजेट रोक्का राखेको जनाएको छ।

स्रोतको अनिश्चितताबीच सबै बजेट एकैपटक खुला गर्दा भविष्यमा भुक्तानी व्यवस्थापनमा समस्या आउन सक्ने जोखिमलाई सरकारले ध्यान दिनुपर्ने देखिन्छ। बजेट समयमै उपलब्ध गराउने र स्रोतको सुनिश्चितता कायम गर्नेबीच सन्तुलन कायम राख्नु पनि नयाँ अभ्यासका लागि चुनौती बन्न सक्ने सम्भावना देखिन्छ।

मधेश प्रदेशले बजेट खर्चको पुरानो अभ्यास बदल्न खोजेको छ तर विकास बजेटको सफलता खर्च प्रतिशतले मात्र मापन गर्नु अर्को पुरानो गल्ती हुनेछ। यदि भदौमै ठेक्का लाग्यो तर आयोजना वर्षौंसम्म सम्पन्न भएन भने समयमै बजेट कार्यान्वयन हुन सक्दैन।

प्रदेश सरकारका लागि मुख्य चुनौती कति बजेट खर्च भयो' होइन, 'कति काम समयमा, गुणस्तरीय र पारदर्शी रूपमा सम्पन्न भयो भन्ने कुराले बजेको सही कार्यान्वयनलाई पुष्टि गर्दछ। खर्च बढ्यो तर सडक केही महिनामै भत्कियो, भवन प्रयोगविहीन भयो वा आयोजना नागरिकको आवश्यकता अनुसार भएन भने त्यसलाई विकासको उपलब्धि मान्न सकिँदैन।

प्रदेश सरकारले विगतको वर्षान्तमुखी खर्च प्रणाली परिवर्तन गरी अर्थ मन्त्रालयले बजेट उपलब्ध गराउने कामसँगै मन्त्रालयहरूको कार्यसम्पादन पनि नियमित रूपमा सार्वजनिक गर्नुपर्ने देखिन्छ। मधेश प्रदेशको यो नीति बजेट खर्च गर्ने समय परिवर्तन गर्ने मात्र होइन, विकास प्रशासनको कार्यशैली परिवर्तन गर्ने अवसर पनि हो। असारको अन्तिम दिन बजेट सक्ने संस्कार तोडेर भदौदेखि नै काम सुरु गर्ने अभ्यास संस्थागत गर्न सकियो भने प्रदेशको विकास खर्चमा मात्र होइन, सार्वजनिक निर्माणको गुणस्तरमा पनि सुधार आउन सक्छ।



